**सम्माननीय राष्ट्रपती श्रीमती विद्यादेवी भण्डारीज्यूले**

# Identifying Challenges, Assessing Progress, Moving Forward: Addressing Impunity and Realizing Human Rights in South Asia

**बिषयक अन्तर्राष्ट्रिय सम्मेलनमा गर्नुभएको संबोधन**

**होटल याक एण्ड यति, दरबारमार्ग, काठमाडौँ**

**राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष,**

**सार्क क्षेत्रका विभिन्न मानव अधिकार आयोगका अध्यक्षहरू,**

**विभिन्न मुलुकबाट सहभागि हुन आउनु भएका मानव अधिकार संस्थाका प्रतिनिधिहरु,**

**उपस्थित मानवअधिकारकर्मी,**

**भद्रमहिला तथा सज्जनवृन्द !**

दक्षिण एशियाली तथा एशियाप्रशान्त क्षेत्रका मानवअधिकार आयोगहरू एकै थलोमा उपस्थित भई दक्षिण एशियाको मानवअधिकारको अवस्थामा भएका प्रगति र गर्न सकिने सुधारको सम्बन्धमा आयोजित सम्मेलनमा पाल्नुहुने सवै सहभागि अतिथिहरुलाई नेपालमा स्वागत गर्न पाउँदा म हर्षित भएको छु । यस्तो महत्वपूर्ण सम्मेलनको उद्‌घाटन गर्न पाउँदा मलाई खुशी लागेको छ । हाम्रा छिमेकी मुलुकका मानवअधिकार आयोगका उच्च नेतृत्व एवम् पदाधिकारीहरू तथा मानवअधिकारका अन्तर्राष्ट्रिय विज्ञहरू माझ आफूलाई लागेका केहि कुरा व्यक्त गर्न पाउनु सन्तोषको विषय हो । मानवअधिकार विश्वव्यापी मान्यता भएको सन्दर्भमा राष्ट्रिय मानवअधिकार आयोग नेपालले अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गरी एशिया प्रसान्त क्षेत्रका मानवअधिकार आयोगहरू बिच अनुभवको आदान प्रदान गर्ने प्रशंसनीय कार्य गरेको छ ।

२०७२ सालमा जननिर्वाचित संविधान सभाद्वारा निर्मित भई जारी भएको नेपालको संविधानले मानवअधिकारका मान्यताहरुलाई सम्मान गर्दै उच्च प्राथमिकतामा राखेको छ । संविधानको प्रस्तावनामै मानवअधिकारका मुलभूत मान्यताहरु उल्लेख गर्दै तिनको प्राप्तिका लोकतान्त्रिक पद्दतिप्रति प्रतिवद्धता उल्लेख भएको छ । त्यति मात्रै हैन समावेशी र समानुपातिक प्रतिनिधित्वको व्यवस्थासहित संयुक्त राष्ट्रसंघद्वारा प्रतिपादित मानवअधिकारका मान्यताहरुलाई मौलिक अधिकारका रुपमा समावेश गरिएको हाम्रो संविधान यस क्षेत्रको सर्वाधिक प्रगतिशील संविधान हो भन्नुमा अतिसयोक्ति हुने छैन । यद्यपि मौलिक हकको कार्यान्वयन गर्न आवश्यक कानून बनाउनु सरकारको दायित्वभित्र पर्दछ ।

दक्षिण एशियाली राष्ट्रहरूमा मानवअधिकार संरक्षण तथा सम्वर्द्धनमा भए गरेका प्रयास एवम् अन्य राष्ट्रका उपलब्धि तथा असल अभ्यासको आदन प्रदान एवं छलफलले मानवअधिकारको संरक्षण तथा सम्वर्द्धनमा थप बल पुग्ने विश्वास मैले लिएको छु । अनुभवको आदान-प्रदानको सन्दर्भमा द्वन्द्वको शान्तिपूर्ण रुपान्तरण अनि विगतका मानवअधिकारका समस्याहरुको सम्वोधनमा

नेपालले मौलिक अनुभव हासिल गरेको छ। सर्वोच्च अदालतले पीडितको हकलाई संरक्षण गर्न महत्वपूर्ण फैसलाहरु गरेको छ। द्वन्द्वको समयमा मानवअधिकारको संरक्षण अनि संक्रमणकालिन न्यायको क्षेत्रमा नेपालको मानवअधिकार संयन्त्रले हासिल गरेको अनुभव अन्य मुलुकका लागि पनि सान्दर्भिक हुने ठान्दछु। संक्रमणकालिन न्यायको सन्दर्भमा २०६३ सालमा गरिएको वृहद् शान्ति सम्झौताले खाका प्रदान गरेको छ। पीडितले न्याय पाउन् भन्ने मूलभावनालाई सबैले आत्मसात गर्नुपर्दछ। मलाई विश्वास छ यसको कार्यान्वयनमा देखिएका समस्याको समाधान तर्फ सरकार सक्रिय रहेको छ। नेपालको न्याय प्रणाली र अदालत जस्तोसुकै परिस्थितिमा पनि न्याय निरुपण गर्न सक्षम रहेको छ।

मानवअधिकार, लोकतन्त्र र विधिको शासन एक अर्काका परिपूरक हुन्। लोकतान्त्रिक मूल्यमान्यता र विधिको शासनबाट मात्र मानवअधिकारको संरक्षणले सार्थकता पाउँदछ। तसर्थ, हामी सबैको आदर्श लोकतन्त्र, मानवअधिकार तथा लोक कल्याणकारी राज्य हो भन्ने कुरामा म जोड दिन चाहन्छु। सम्मेलनले यस क्षेत्रमा देखिएका मानवअधिकारका चुनौती र अवसरहरूको खोजी गरी मार्ग निर्देशन गर्दा समग्र दक्षिण एशियाको मानवअधिकारको अवस्थालाई अझ उचाईमा पुऱ्याउन मद्धत पुग्नेछ भन्ने मैले विश्वास लिएको छु।

मानवअधिकार भनेको लेख्ने वा वोल्ने मात्रै हैन यो प्रत्येक जनताको दिनानुदिनको व्यवहारसित गाँसिएको विषय हो। मानव अधिकार प्रत्याभूतिका सन्दर्भममा राजनीतिक नागरिक अधिकारको जति महत्व छ आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारको पनि त्यत्तिकै महत्वपूर्ण स्थान रहेको छ। सबै मानवअधिकारको कार्यान्वयन विना लोकतन्त्र जनमुखी हुन सक्दैन भने लोकतन्त्र पनि मानवअधिकारको प्रत्याभूतिविना संस्थागत हुन सक्दैन।

नेपालका राजनीतिक दलहरुले लोकतन्त्र र मानवअधिकारको लागि लामो र कष्टपूर्ण संघर्ष गरेका छन्। देशको राजकीय नेतृत्वमा लोकतन्त्र र मानवअधिकारका लागि महत्वपूर्ण योगदान गरेका व्यक्तिहरु स्थापित रहेको सन्दर्भमा दण्डहिनता अन्त्यको लागि ठोस पहल हुनेछ भन्ने पनि मैले विश्वास लिएको छु। दण्डहिनताको विषयमा मानवअधिकार आयोगको महत्वपूर्ण भूमिका रहेको छ। आयोगलाई आफ्ना सिफारिस कार्यान्वयन गर्न समस्या परेको भए कानूनमा संशोधन गरी आवश्यक प्रक्रिया अघि बढाउनु पर्दछ। यस सम्मेलनबाट दक्षिण एशियाली क्षेत्रमा रहेका विभिन्न प्रकारका विभेद, सिमान्तकृत वर्ग तथा समुदायको अधिकारका साथै कानूनको शासन र दण्डहिनताको सम्बन्धमा महत्वपूर्ण छलफल हुने नै छ।

नेपालमा यस्तो महत्वपूर्ण सम्मेलन आयोजना गरेकोमा राष्ट्रिय मानवअधिकार आयोग नेपालका पदाधिकारीहरू, नेपाल सरकार र सवै सहयोगी संघसंस्थाहरूलाई धन्यवाद दिन चाहन्छु। राष्ट्रिय मानवअधिकार आयोग नेपालको निमन्त्रणा स्वीकार गरी यस सम्मेलनमा उपस्थित हुनु भएका विभिन्न देशका राष्ट्रिय मानवअधिकार संस्थाहरूका अध्यक्ष तथा पदाधिकारीहरू, मानवअधिकार विज्ञहरू लगायत सहभागी सबैलाई धन्यवाद दिन चाहन्छु।

यस सम्मेलनको सफलताको कामना गर्दै महत्वपूर्ण कार्यक्रममा यहाँहरूको नेपाल आगमनले मानवअधिकारको संरक्षणमा यस क्षेत्रका मानवअधिकार संयन्त्रहरुवीच आपसी सहकार्य संस्थागत हुँदै जानेछ भन्ने विश्वासका साथ सबैलाई शुभकामना र धन्यवाद दिन चाहन्छु।

२०७४ साल चैत्र २६ गते सोमबार।